राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३४७ | २०८२ भाद्र १३ गते शुक्रवार | (Friday, 29 Aug, 2025) | पृष्ठ ४ | मुल्य रु. ५

### जनप्रतिनिधिले बिर्सेको नगरसभा

## मिथिलामा खबरदारी गर्दै रास्वपा

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, भाद्र १२ गते ।**

*मेयर साहब ! चालु आ.व.को बजेट खै ?,*
*नगरपालिकालाई बन्दी बनाउन पाइदैन,*
*झगडा गरेर बस्ने प्रमुख-उपप्रमुख हामीलाई चाहिदैन,*

यस्ता दर्जनौं नाराहरु लेखिएका प्लेकार्ड बोकेर बिहिबार कार्यालय समय सुरु भएलगत्तै धनुषाको मिथिला नगरपालिका कार्यालयको मूलगेट अगाडी धर्ना बसे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का स्थानीय नेता-कार्यकर्ता । नगरपालिकाले चालु आर्थिक वर्षको बजेट सार्वजनिक नगरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मिथिला नगर कमिटीले नगरपालिकाको मुल गेट अगाडि धर्ना दिएका छन् । पार्टीका नगर सभापति विजय कुमार साहको नेतृत्वमा पार्टीका स्थानीय नेताकार्यकर्ताहरुले बिहिबार नगरपालिकाको मुख्य गेट अगाडि आधा घण्टा धर्ना दिएका हुन् । नगरसभा खोज्दै रास्वपा मिथिला नगर कमिटीले गत साउन १२ गते मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतो र उपप्रमुख सुनिता सिंह बुढाथोकीलाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाएको थियो । त्यसको कुनै सुनुवाई नभएपछि ज्ञापनपत्र बुझाएको ठ्याक्कै एक महिना लागेपछि उनीहरु धर्ना दिएका छन् ।




धर्नामा बसेका रास्वपाका स्थानीय नेताकार्यकर्ताहरुले 'नगरपालिकालाई बन्दी बनाउन पाइदैन', 'झगडा गरेर बस्ने प्रमुख-उपप्रमुख हामीलाई चाहिदैन', 'मेयर साहब ! चालु आ.व.को बजेट खै ?', 'जनता जान्न चाहन्छन् ! गत आ.व. मा २२ करोड किन फ्रिज भयो ?', 'सबै राजनैतिक विचारको सम्मान होस्' जस्ता नाराहरु लेखिएका प्लेकार्ड बोकेका थिए ।

नगर सभापति विजय कुमार साहले यो शान्तिपूर्ण धर्नालाई सामान्य रुपमा नलिन स्थानीय सरकारका प्रमुख र उपप्रमुखलाई सचेत गराएका छन् । उनले अबको एक साताभित्र पनि नगरसभा नभए शसक्त आन्दोलनमा उत्रिने चेतावनी दिए । 'आज हामीले शान्तिपूर्ण रुपमा धर्ना दिएका छौं । अबको एकसाता भित्र पनि नगरसभा नभए तालाबन्दी गरेर शसक्त आन्दोलनमा उत्रिन्छौं,' नगर सभापति साहले भने ।

नगरसभा नभएकै कारण सामाजिक सुरक्षादेखि लिएर विभिन्न कार्यक्रमहरु अवरुद्ध भएको रास्वपाका स्थानीय नेता रमेश पहाडीले बताए । 'एकमहिना अघि नै मेयर साब र उपमेयर साबले चाँडै नगरसभा गर्ने अश्वासन दिनुभएको थियो । हामीले ज्ञापनपत्र बुझाएको पनि एकमहिना भयो । असार १० गतेभित्रै ल्याउनुपर्ने बजेट भदौंको दोस्रो साता बितिसक्दासमेत बजेटको सुरसार छैन,' पहाडीले भने 'यो त अति भयो ।' मिथिला नगरपालिका-९ की गोमा लामाले पनि नगरसभा गर्न नसक्नु स्थानीय जनप्रतिनिधिको अक्षमता देखिएको उल्लेख गरिन् । उनले यथाशीघ्र नगरपालिकाले बजेट प्रस्तुत गरेर पारित गर्नुपर्ने माग गरिन् । धर्नामा

- बाँकी पृष्ठ ३ मा

## मधेशका अर्थमन्त्रीको राजीनामा माग

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, भाद्र १२ गते ।**




मधेश प्रदेशसभाको छैठौं अधिवेशनको पहिलो बैठक नै प्रतिपक्षी दलहरुले अबरोध गरेको छ । आर्थिक वर्ष २०८२/८३ को बजेट त्रुटिपूर्ण रहेको र प्रतिपक्षीको बहिस्कारबीत असार २६ गते बहुमतले पारित गरेको भन्दै प्रतिपक्षी असन्तुष्ट बनेको हो ।

बैठकको सुरुमै प्रमुख प्रतिपक्षी जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले अर्थ मन्त्री सुनिलकुमार यादवको राजिनामा नआएसम्म सदन चल्न नदिने बताए । ४६१ पेजको बजेट आएकोमा पछि पुनः २९४ पेज थपेर आएको र त्यो बजेट प्रतिपक्षीका बहिस्कारबीच पास भएकोले यो संसदीय मर्यादा विपरीत भएको उनको भनाइ छ ।

'संसदलाई छलेर, विना प्रतिपक्षी बजेट पास भयो । यस्तो परम्परा दुनियामा कतै पनि छैन' प्रमुख सचेतक यादवले भने 'अर्थमन्त्री यसमा जिम्मेबार छन् । उहाँको राजिनामा नआएसम्म हामी प्रतिपक्षी सदन अवरोध गरिहन्छौं ।'

यसपछि सभामुख रामचन्द्र मण्डलले शुक्रबार दिउँसो १ बजेसम्मका लागि प्रदेशसभा बैठक स्थगित गरेका छन् । प्रतिपक्षी जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल संघीय समाजवादी र राप्रापाले सदन अबरुद्ध गरेका थिए ।

बैठक बस्नु अघि बिहिवार बिहान ९ बजे सभामुख मण्डलले राखेको सर्वदलीय बैठकसमेत प्रतिपक्षी पाँच दलले बहस्किार गरेको थियो ।

छैठौं अधिवेशनको पहिलो बैठकमा शुभकामना मन्तव्य, महालेखापरीक्षकको छैटौं र सातौं वार्षिक प्रतिवेदन सभामा पेस गर्ने र विषयगत समितिका वार्षिक प्रतिवेदन सभामा पेस गर्ने कार्यसूची रहेको थियो ।

## पूर्व प्रदेश प्रमुख राजेश अहिराजलाई थुनामा पठाउने उच्चको आदेश

**काठमाडौं** : उच्च अदालत पाटनले मधेशका पूर्व प्रदेश प्रमुख राजेश अहिराज भन्ने राजेश झालाई पूर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालतको आदेश सदर गरेको छ । उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवर र खडानन्द तिवारीको इजलासले थुनामा पठाउने जिल्ला अदालतको आदेश सदर गरेको हो । १४ साउनमा काठमाडौं अदालतका न्यायाधीश पिताम्बर शर्माको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेको थियो । उनलाई डिल्लीबजार कारागार चलान गरिएको थियो । जिल्लाले थुनामा पठाएपछि अहिराज वेरितको निवेदन लिएर उच्च अदालत पुगेको थिए । उनीविरुद्ध एक महिलाले बलात्कार आरोपमा मुद्दा दर्ता गरेकी थिइन् । ४ साउनमा पक्राउ परेका झालाई ९ दिनमै प्रहरीको अनुसन्धान प्रतिवेदनको आधारमा सरकारी वकिल कार्यालय काठमाडौंले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो ।


## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले :**

- **पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,**
- **चराहरुले किरा-फटयाङ्गा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,**
- **खेतीपातीमा विषादीको प्रयोग घट्छ,**
- **फलफूल खाएर बीउहरु विभिन्न स्थानमा फाली नयाँ बोटविरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,**
- **एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,**
- **मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,**
- **चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्द मद्दत पुऱ्याउँछ,**
- **जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,**
- **प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फ आयस्रोतमा टेवा पुऱ्याउँछ ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## शिक्षामा छोरीको पहुँच बढाउन साइकल वितरण



**द पब्लिक टुडे समाचारदाता**
**बर्दिबास, भाद्र १२ गते ।**

महोत्तरीको मटिहानी नगरपालिकाले शिक्षामा छोरीको पहुँच बढाउन र पढाइका लागि उत्प्रेरणा गराउन छात्रालाई साइकल प्रदान कार्यक्रमलाई निरन्तरता दिएको छ । माध्यमिक शिक्षा परीक्षा (एसइई) उतीर्ण गरेपछि माथिको अध्ययनमा हौसला थप्न यो कार्यक्रमलाई निरन्तरता दिइएको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलको भनाइ छ ।

नगरपालिकाले बिहीबार विगत वर्षहरुजस्तै श्रीराम माध्यमिक विद्यालय मटिहानी-८ मा कक्षा ११ मा भर्ना भएका ५८ जना छात्रालाई साइकल प्रदान गरेको छ । आर्थिक वर्ष २०७७/०७८ देखि थालिएको यो कार्यक्रमले बर्सेनि कक्षा ११ मा भर्ना हुने र पढाइलाई निरन्तरता दिने छात्राको सङ्ख्यामा वृद्धि भइरहेको नगरप्रमुख मण्डलले बताए ।

"शैक्षिक सत्र २०७७ मा यस विद्यालयमा कक्षा ११ मा भर्ना हुने ३५ छात्रामात्र थिए, यो सङ्ख्या बर्सेनि बढ्दैछ" मण्डल भन्छन्, "हाम्रो उद्देश्य यहाँका छोरीहरु उच्च शिक्षासम्म जोडिउन् भन्ने हो, जुन उद्देश्य प्राप्त भइरहेको देखिदो छ ।" यद्यपि यसपालि अहिलेसम्म कक्षा ११ मा छात्रा भर्ना गत वर्षभन्दा कम छ । गतवर्ष २०८१ को शैक्षिक सत्रमा ७७ जना छात्रा थिए । यता श्रीराम माविका प्रधानाध्यापक श्रीषकुमार मिश्रले एसइईको मौका परीक्षाको नतिजा प्रकाशित भएपछि छात्रा भर्नाको सङ्ख्या बढ्ने स्पष्ट पारे । साइकलले विद्यालय आउजाउमा निकै सहज हुने साइकल पाएका छात्राको भनाइ छ । "साइकलले हामीलाई निकै सजिलो बनाउने छ, अब घरको काममा

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# इम्बोस्ड् वितरणको चर्चा

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा साउन २० गते बसेको विषयगत समितिको बैठकले २०८२ असोज १ देखि इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने गरेको निर्णय चर्चाको विषय बनेको छ । सवारीसाधनमा लगाइने उच्च प्रविधियुक्त सुरक्षित नम्बर प्लेटको नाम हो इम्बोस्ड नम्बर । यो नम्बर प्लेट २०७३ सालदेखि नै जडान गर्न थालिएको हो । २०८० मंसिरसम्म २५ लाख नम्बर प्लेट जडान गर्ने सम्झौता भएकोमा हालसम्म करिब ८८ हजार नम्बर प्लेट मात्र जडान भएको यातायात विभागको तथ्याँकले देखिन्छ । यसरी नौ वर्षसम्म सम्पादन हुन नसकेको यो कार्यलाई असोज १ गतेबाट अनिवार्य लागु गर्ने सरकारी निर्णयको चर्चा हुनु स्वभाविक नै मान्न सकिन्छ ।

अंग्रेजी भाषामा लेखिएको इम्बोस्ड नम्बर प्लेट नेपालीमा लेखिनुपर्ने नेपाली भाषा अनुरागीहरुको सघन भइरहेको माग र जडान वापत बुझाउनुपर्ने कम्तीमा दुई हजार रुपैयाँ शुल्कको विषय चर्चाको केन्द्र बनेको छ नै, सेवाग्राहीले सजिलै यो नम्बर पाउनेमा आशंका भएको विषय पनि चर्चामा समेटिएको छ । नम्बर प्लेट वितरणका लागि कतिपय प्रदेशमा तयारीसमेत भएको छैन । कोशी, मधेश र सुदूरपश्चिम प्रदेशमा तयारीसमेत पूरा नभएको देखिएको छ । हेटौंडा, सुर्खेत, बुटवल, नेपालगन्ज र पोखराका कार्यालय तयारी भनिए पनि सेवाग्राहीले सहज अनुभूति गर्न नपाएको प्रकाशित समाचारले देखिएको छ । यस्तो अवस्थामा यो निर्णयको कार्यान्वयन चुनौतीपूर्ण हुने स्पष्ट छ । अपवादबाहेक सरकारी निकायले प्रदान गर्ने सेवा सहज हुँदैन । यातायात कार्यालयले प्रदान गर्ने सेवा त्यसकै ज्वलन्त उदाहरण हो ।

दुई तीन वर्षअघि सवारीचालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले अझै चालक अनुमतिपत्र पाउन सकेका छैनन् । कर तिर्न जाँदा पनि ठुलै सास्ती भोग्नु पर्छ । अनलाइनबाट कर तिर्न सक्ने व्यवस्था गरिदिएको भए पनि सेवाग्राहीलाई केही सहज हुने थियो । तर त्यस्तो व्यवस्था गर्न सकेको छैन यातायात कार्यालयले । यातायात क्षेत्रका धेरै कामका निम्ति ठुलो सास्ती खेप्नुपर्छ । यो अवस्थामा जटिल प्रविधियुक्त इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने निर्णय कार्यान्वयनमा प्रभावकारी बन्ने कम, सेवाग्राहीले सास्ती भोग्नुपर्ने बढी सम्भावना देखिन्छ । सरकारले सेवा प्रदान प्रक्रियालाई चुस्त र सेवाग्राहीमैत्री बनाउँदै देशभर एकैसाथ इम्बोस्ड नम्बर प्लेट वितरणको तयारी थाल्नुपर्छ ।

## राशिफल

मेष – ज्ञानको खोजीमा समय बित्नेछ ।
वृष – काममा जग बसाउने समय छ ।
मिथुन – प्रतिष्ठा हातपार्न सफल भइनेछ ।
कर्कट – प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।
सिंह – परिस्थितिवश चिताएको काम रोकिन सक्छ ।
कन्या – जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।
तुला – नतिजाले उत्साह जगाउनेछ ।
वृश्चिक – महत्वाकांक्षी काम बन्न सक्छ ।
धनु – कर्मयोगबाट लाभ मिल्नेछ ।
मकर – नाम र दाम कमाउने समय छ ।
कुम्भ – धेरैको मन लोभ्याउन सकिनेछ ।
मिन – संकल्प पूरा गर्न सकिनेछ ।

# अनलाइन सञ्चार माध्यम व्यवस्थापनका वैकल्पिक मार्ग

■ रेवती सापकोटा




नेपालको संविधानले संचारमाध्यमसम्बन्धी व्यवस्था सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा र पत्रपत्रिका सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ । सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ७ को उपदफा उपदफा (३) मा सङ्घीय कानुन नबनेको अवस्थामा प्रदेशले कानुन बनाउन र कार्यान्वयन गर्नसक्ने व्यवस्था गरेको छ ।

प्रदेशसभाले बनाएको प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ बमोजिम बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण हुँदै आएका छन् । केही नेपाल ऐन, संशोधनमा भएका ६८ वटा कानुनमध्ये छापाखाना तथा प्रकाशन ऐन, २०४८ पनि संशोधन गरी अनलाइन सञ्चारमाध्यम स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष दर्ता गर्ने व्यवस्था गरिएको छ ।

सूचना प्रविधिको विकास र विस्तार हुनसक्छ, सूचना प्रविधिमा आधारित सञ्चारमाध्यम दर्ता तथा नवीकरण गर्नु/गराउनु पर्ने परिस्थिति आउनसक्छ भन्ने परिकल्पना नगरेको छापाखाना तथा प्रकाशन ऐनमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणको विषयलाई ३४ वर्ष पुरानो कानुनमा लगेर जोड्नु व्यावहारिक देखिँदैन । संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा रहेको पत्रपत्रिकाका सम्बन्धमा छापाखाना तथा प्रकाशन ऐनको संशोधनमा मौन छ ।

संविधान जारी भएसँगै संघले बनाउनुपर्ने कानुन तत्काल नबनेपछि प्रदेश र स्थानीय तहले कानुन बनाएर कार्यान्वयन गरेका विषय धेरै छन् । सङ्घले कानुन बनाउँदा स्वभाविक रूपमा प्रदेश र स्थानीय तहका कानुन सङ्घसँग बाझिन सक्छन् । बाझिएको हकमा संशोधन गर्ने आशयले नै प्रदेश र स्थानीय तहमा कानुन बनेका छन् ।

सङ्घीय निकायले निर्देशिकाका आधारमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेको अवस्थामा बागमती प्रदेशमा ऐनको आधारमा दर्ता तथा अभिलेखीकरण भइरहेको थियो । जब सङ्घले नै अनलाइन संचारमाध्यमसम्बन्धी व्यवस्था ऐनमा ल्याएपछि प्रदेशको कानुन सङ्घीय कानुनसँग बाझियो । प्रदेश कानुन सङ्घीय कानुनसँग बाझिएको हकमा सङ्घीय कानुन लागू हुने संवैधानिक व्यवस्था छ । त्यसैले बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यमको नयाँ दर्ता तथा अभिलेखीकरण गर्ने काम स्थगन गरिएको छ ।

सूचना तथा प्रसारण विभागले पनि ऐनमा स्थानीय अधिकारी तोकिदिएपछि अनलाइन संचारमाध्यम दर्ता तथा अभिलेखीकरण स्थगन गरेको छ । सङ्घ र प्रदेश दुवैतिर अनलाइन संचारमाध्यम दर्ता तथा अभिलेखीकरण नभएको अवस्थामा सेवाग्राहीको गुनासो दैनिक सङ्घ र प्रदेशका सम्बन्धित निकायले सुन्नु परिरहेको छ । तर अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेका सङ्घ र प्रदेशका दुवै निकाय आफैं केही गर्नसक्ने अवस्थामा पनि छैनन् । सङ्घीय संसद्बाट पारित भएको कानुन सच्याउने सोही संसद्ले नै हो ।

सङ्घीय कानुनमा यसअघि दर्ता भएका सञ्चारमाध्यम नवीकरण गर्न कहाँ जाने भन्ने नै स्पष्ट छैन । कानुन व्याख्यासम्बन्धी ऐनले सङ्घ, प्रदेश र स्थानीय तहले बनाएका कानुनलाई नेपाल कानुन भनेर व्याख्या गरेको छ । यस्तो अवस्थामा एउटा काननबमोजिम दर्ता तथा अभिलेखीकरण भएको सञ्चारमाध्यम कुन निकायमा स्थानान्तरण हुने भन्ने विषय स्पष्ट खुलाउनुपर्ने हुन्छ । अनलाइन सञ्चारमाध्यमसँग सम्बन्धित नयाँ कानुनमा त्यो विषय पनि खुलाइएको छैन ।

अनलाइन सञ्चारमाध्यम इन्टरनेटमा आधारित हुन्छ । यसको विकास र विस्तार यति छिटो भइरहेको छ कि कानुन बनाउनु अगाडि एउटा व्यवस्था हुन्छ, त्यो कार्यान्वयनको चरणमा पुग्दा अर्कै अवस्था सिर्जना हुन्छ ।

सो संशोधित ऐन कार्यान्वयनका लागि नियमावली पारित भएको छैन । नियमावलीको मस्यौदा तयार गर्न सरोकार भएका निकायबीच छलफल भएको अवस्था पनि छैन । यस्तो अवस्थामा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्न चाहनेको चाप बढेको छ । नयाँ कानुनले स्पष्ट मार्गनिर्देशन नदिएको अवस्थामा नयाँ तोकिएको निकायले पुरानै निकायमा दर्ता गरिदिन सिफारिस गर्ने गरेको छ । यस्तो अभ्यास सङ्घ र प्रदेशका निकायबीच र प्रदेशभित्रकै निकायबीच पनि हुने गरेको छ ।

पञ्चायतकालमा गृह र सञ्चार मन्त्रालयको काम एउटै मन्त्रालयले हेर्थ्यो । गृह मन्त्रालयअन्तर्गत त्यतिबेला स्थानीय अधिकारी भनेको अहिलेको प्रमुख जिल्ला अधिकारी हुन्थ्यो । त्यही भएर पत्रपत्रिका जिल्लाबाट नै दर्ता गर्ने व्यवस्थाका लागि स्थानीय अधिकारी भनेर प्रमुख जिल्ला अधिकारीलाई जिम्मा दिइएको देखिन्छ । अहिलेको सूचना तथा सञ्चार मन्त्रालय पहिले पञ्चायतकालमा दुई वटा छुट्टाछुट्टै मन्त्रालयमा विभाजित थियो । वि.सं. २०२८ वैशाख १ गते कीर्तिनिधि विष्ट नेतृत्वको मन्त्रिपरिषद्मा गृह पञ्चायत, सूचना तथा प्रसारमन्त्री रुद्रप्रसाद गिरी थियो भने निर्माण, सञ्चार तथा यातायातमन्त्री चर्तुभुजप्रसाद सिंह थियो ।

छापाखाना तथा प्रकाशन ऐन, २०४८ मा पञ्चायती व्यवस्थाको त्यही स्थानीय अधिकारीलाई 'कपि-पेष्ट' गरिएको देखिन्छ । वि.सं. २०४८ पछि वि.सं. २०६३ मा अन्तरिम संविधान र वि.सं. २०७२ मा संविधानसभाबाट जारी भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान गरी दुईवटा संविधान बनिसकेका छन् । पछिल्लो संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ । तर प्रत्यायोजित अधिकारलाई व्यवस्थित गर्ने मामिलामा सङ्घीय कानुन बेखबरजस्तै देखिएको छ । अहिलेको संविधानले प्रमुख जिल्ला अधिकारीलाई चिन्दैन, प्रदेश र स्थानीय तहलाई चिन्छ । संविधानले चिन्दै नचिनेको निकायमा सञ्चारमाध्यम दर्ता गर्ने निकाय तोकिनु संविधान अनुकूल होइन ।

नेपालमा पहिलो छाता कानुन बनाउने बागमती प्रदेशले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐनमार्फत अनलाइन सञ्चारमाध्यमको दर्ता अभिलेखीकरण, नवीकरण गरेर लोककल्याणकारी विज्ञापन वितरण गरी आर्थिक सहयोग पनि उपलब्ध गराउने अभ्यास गर्दै आएको थियो । अनलाइन सञ्चारमाध्यमलाई अन्य सञ्चारमाध्यम सरहको व्यवहार गरेको बागमती प्रदेशको कानुनले हो । अनलाइन सञ्चारमाध्यमले जुन सुविधा बागमती प्रदेशबाट प्राप्त गरिरहेका थिए, अब त्यो पनि रोक्नुपर्ने परिस्थिति सङ्घीय कानुनले खडा गरिदिएको छ ।

बागमती प्रदेशमा मात्र तीन सयभन्दा बढी अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण भएका छन् । तीमध्ये आधाभन्दा बढी नवीकरण पनि हुने गरेका छन् । प्रदेश सरकारले तोकेको शुल्क बुझाई प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण र नवीकरण हुने गरेका छन् ।

बागमती र मधेसबाहेक लुम्बिनी र गण्डकी प्रदेशमा अनलाइन सञ्चारमाध्यम प्रदेशमा दर्ता तथा अभिलेखीकरण गर्ने कानुनी व्यवस्था भइसकेको छ । लुम्बिनी र गण्डकी पनि अनलाइन सञ्चारमाध्यमसम्बन्धी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने चरणमा पुगेका छन् । कोशी र कर्णाली प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्नेगरी विधेयक तयार गरी प्रदेशसभामा छलफल भइरहेको छ ।

सञ्चारमाध्यमलाई सूचना प्रविधिसँग सम्बन्धित निकायसँग जोडेर स्वनियमनमा लैजान प्रोत्साहित गर्ने हो । नियमावली बनाउँदै गर्दा प्रदेशका सञ्चारमाध्यम हेर्ने मन्त्रालय वा मन्त्रालय मातहतका निकायका अधिकारीहरूलाई अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्ने व्यवस्था गर्ने/गराउने गरी स्थानीय अधिकारी तोक्न सकिने अवस्था अझै छ ।

सञ्चारमाध्यम र पत्रकारलाई गुणस्तरीय सूचना सामग्री पस्कने बनाउन उनीहरूको क्षमता विकास गर्न बागमती प्रदेशद्वारा सञ्चालित कार्यक्रमजस्तै अन्य प्रदेशले पनि सञ्चालन गर्दा पत्रकारिताको गुणस्तर वृद्धिमा योगदान पुग्छ, त्यसले सुशासन कायम गराउन पनि मद्दत गर्दछ । सुशासन र पारदर्शीताका लागि सञ्चारमाध्यमलाई व्यवस्थित बनाउनु, सहजीकरण गर्नु, पत्रकारलाई प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउँदै लैजानु आजको आवश्यकता पनि हो ।

इन्टरनेटमा आधारित सञ्चारमाध्यम भएकाले अनलाइनमा पस्किने सामग्री क्षणभरमा विश्वस्तरमा वितरण हुन्छ । त्यसकारण सङ्घमा राख्नु परेको हो भन्ने मान्ने हो भने डिजिटल युगमा कुनकुन विषयको क्षेत्राधिकार कहाँ राख्ने भनेर अर्को बहस हुन सक्छ । फ्रिक्विन्सीको अधिकार सङ्घमा छ, सङ्घसँगको समन्वयमा फ्रिक्विन्सी लिएर प्रदेश सरकारबाट इजाजत प्राप्त गरी प्रसारण भइरहेका एफएम रेडियोको प्रसारण क्षेत्र पनि प्रदेशमा सीमित रहँदैन ।

मधेस प्रदेशको एफएम रेडियो बागमतीमा सुनिन्छ, बागमती प्रदेशको रेडियो लुम्बिनी र गण्डकीमा पनि सुनिन्छ । केवल टेलिभिजन प्रदेशको क्षेत्राधिकार भनेर राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन गरी प्रदेशलाई दिइएको छ । तर, केवल टेलिभिजन पनि डिजिटल प्रणालीमा गएको अवस्थामा नेपालभर प्रसारण

– बाँकी पृष्ठ ३ मा

# शिक्षामा छोरीको पहुँच बढाउन...

आमाबुबालाई सघाएर पनि समयमै विद्यालय आइपुग्ने छौं” बिहीबार नयाँ साइकल पाएकी कक्षा ११ की छात्रा अंशु महतो भन्छिन्, “यसले हामीलाई पढाइलाई निरन्तरता दिन हौसला दिएको छ।” अंशुजस्तै नयाँ साइकल पाउनु भएकी कक्षा ११ कै छात्रा सरस्वती कुशवाहा र अञ्जली साहले पनि साइकल आफूहरुका लागि नियमित विद्यालय आउजाउ गर्न वरदान बन्ने बताएकी छिन्।

छात्रालाई दिइने साइकल एउटा बस्तुभन्दा शैक्षिक जागरणको दियो बन्दै आएको साइकल वितरण समारोहमा सहभागी जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालको धारणा छ । यसैगरी मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्णले छात्रालाई साइकल प्रदान गरिदै आइएपछि अभिभावकहरुमा पनि छोरी शिक्षाबारे सकारात्मक धारणा बढेको बताए।

उच्च शिक्षामा छोरीको पहुँच बढाउन कक्षा-११ का छात्रालाई साधन र शैक्षिक सामग्रीमा सबल बनाइन साइकल उपलब्ध गराइन थालिएको मटिहानीका नगरप्रमुख मण्डलको भनाइ छ । विगतमा विद्यालय पढ्न आउने छोरीको सङ्ख्या निकै तल देखिएपछि आकर्षणका लागि यो कार्यक्रम थालिएको मण्डलले स्पष्ट पारे।

# एमाले महासचिवसमक्ष प्रेस चौतारीको...

स्वतन्त्रताप्रति प्रतिबद्ध छ’ भन्ने वाक्यांश राख्नुपर्ने माग गरेको छ। त्यस्तै, पार्टी सदस्यता संरचनामा ‘साधारण सदस्य’ वा ‘प्रारम्भिक सदस्य’को व्यवस्था गर्नुपर्ने, जनसङ्गठनमा सङ्गठित भएको एक वर्षभित्र पार्टी सदस्यता अनिवार्य गर्नुपर्ने, सम्पर्क समन्वय कमिटी जनसङ्गठनले पनि गठन गर्न सक्नेलगायत प्रावधान थप्नुपर्ने सुझाव दिइएको छ।

प्रेस चौतारीले केन्द्रीय कमिटीमा कम्तीमा २० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, महिलासहित सात जना महाधिवेशन प्रतिनिधि उपलब्ध गराउनुपर्ने र राजनीतिक नियुक्तिमा सरोकारवाला सङ्गठनको सिफारिसलाई कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको अध्यक्ष पाण्डेले जानकारी दिए।

सुझाव पत्र हस्तान्तरण कार्यक्रममा एमाले जनसङ्गठन समन्वय संयन्त्र प्रमुख भानुभक्त ढकाल, प्रेस चौतारी नेपालका इञ्चार्ज राजेन्द्र गौतमलगायतको उपस्थिति थियो। एमालेले मातहतका कमिटीलाई महाधिवेशनमा समेटिने विधान संशोधन प्रस्तावमा सुझाव दिन आग्रह गरेको थियो। एमाले विधान महाधिवेशन यही भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा आयोजना गरिएको छ। रासस

# अनलाइन सञ्चार माध्यम व्यवस्थापनका...

हुन्छ । एक प्रदेशमा मात्र केवल टेलिभिजनलाई पनि रोक्न सम्भव हुँदैन । टेलिभिजन वा रेडियोले उत्पादन गरेका सामग्री युट्युब वा पोडकाष्टमा राखेपछि त्यो संसारभर हेर्न र सुन्न सकिन्छ।

सात वटा प्रदेशमा छुट्टाछुट्टै प्रेस काउन्सिल हुनु व्यावहारिक हुँदैन। मेडिकल काउन्सिल, इञ्जिनियरिङ काउन्सिल, बार काउन्सिल एउटै भएजस्तै आमसञ्चारमाध्यमले पस्कने समाचारमूलक सामग्रीको अनुगमन गर्ने निकाय पनि एउटै हुनु उपयुक्त हुन्छ । एउटा देशमा फरकफरक काउन्सिल हुँदा फरकफरक मापदण्ड र आचारसंहिता बन्न सक्छन् । त्यसले निम्त्याउँन सक्ने परिणामप्रति पहिले नै सचेत हुनु आवश्यक हुन्छ। त्यसैले सातवटै प्रदेशसँगको समन्वय र परामर्शमा सङ्घीय निकायले आचारसंहिता र मापदण्ड बनाएर लागू गराउनु उपयुक्त हुन्छ।

अनलाइन सञ्चारमाध्यमलाई प्रदेश तहबाट दर्ता तथा अभिलेखीकरण गर्ने र सङ्घीय तहमा रहेको स्वायत्त प्रकृतिको प्रेस काउन्सिलको सात वटै प्रदेशमा इकाई खडा गर्ने, त्यो इकाईले प्रदेशको सञ्चारमाध्यम नियमन गर्ने निकायसँग समन्वय गरी आचारसंहिता अनुगमन गर्ने व्यवस्था गर्नु नै विकल्प हुनसक्छ। सूचना प्रविधिको क्षेत्र छिटो विकास र विस्तार भइरहेको हुनाले योसँग सम्बन्धित प्रविधि, जनशक्ति व्यवस्थापन र नियमनका लागि आवश्यक कानुनी प्रबन्ध गर्न स्थानीय तहभन्दा प्रदेश सक्षम हुन्छ। रासस


# झाडापखाला, हैजा र डेँगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखाला, हैजा र डेँगीको खतरा बढेको छ । तसर्थ, झाडापखाला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सडेगलेका खानेकुरा नखाऔं
- खानालाई छोपेर राखौं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



साथै खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेँगी रोगबाट बच्न:**

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएकोले हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं
- सुत्ने बेला सुत्दा झुलको प्रयोग गरौं
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।



**सोनमा गाउँपालिका**
सोनमा, महोत्तरी


# जनप्रतिनिधिले बिर्सेको...

सहभागीहरुले नगरपालिकाले बजेट नल्याएर नगरवासीलाई विकासका काममा अन्यौल सिर्जना गरेको भन्दै स्थानीय सरकारका नेतृत्वको चर्को विरोध गरेका थिए।

यसअघि नगरपालिकाले वडालाई बजेट सिलिङ नै नपठाएर गत असार १६ गते नगरसभा डाकेको थियो । उक्त सभामा नगरप्रमुख महेन्द्र महतोको तर्फबाट नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अशोक कुमार भण्डारीले आर्थिक वर्ष २०८२/८३ को लागि नीति कार्यक्रम प्रस्तुत गर्दै ७९ करोड ७८ लाख ८ हजार ३३५ रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेका थिए । तर वडालाई बजेट सिलिङ नै नपठाएर सभाबाट नीति कार्यक्रम पारित गर्न खोजेको भन्दै केही वडाध्यक्षहरुले चर्को विरोध गरेपछि नगरप्रमुख महतोले सभा स्थगित गरेका थिए।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रत्येक गाउँपालिका र नगरपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट गाउँसभा वा नगरसभामा पेश गर्नुपर्ने व्यवस्था छ । सोही ऐनले नीति तथा कार्यक्रम तथा बजेट पेश गरेपछि १५ दिनभित्र बहुमतले पारित गर्नुपर्ने प्रावधानसमेत राखेको छ। तर, भदौंको दोस्रो साता बितिसक्दासमेत मिथिला नगरपालिकाले नगरसभाको अर्को मिति तय गर्न सकेको छैन । नगरपालिका कार्यालय स्रोतका अनुसार नगरप्रमुख र उपप्रमुखबीच बजेट बाँडफाँडमा भागबण्डा नमिल्दा नगरसभाका लागि सहमति जुटन नसकेको हो । तथापि मिथिला नगरपालिकाका प्रवक्ता रामबहादुर स्याङ्दानले प्रत्येक वडालाई बजेट सिलिङ पठाइसकिएकोले चाँडै नगरसभाको मिति तय हुने विश्वास दिलाए।

# शैक्षिक उन्नयनमा पूर्वराष्ट्रपति...

कृष्णहरि महर्जन, तारकेश्वर नगरपालिकाका निवर्तमान प्रमुख रामेश्वर बोहरा, तारकेश्वर वडा नं. १० का वडाध्यक्ष कुमार राईलगायतले अस्पतालले तारकेश्वरबासीलाई विशेष सहुलियत दिएर उपचार गराउन आग्रह गरेका थिए।

अस्पताल संचालक समितिका अध्यक्ष डा. केदारनरसिंह केसीले अस्पतालमा उपचारका लागि आएका बिरामी आर्थिक अभावका कारण फर्कनुनपर्ने बताए । १५ करोडभन्दा बढी लगानीमा तारकेश्वर नगरपालिका-१० मा सञ्चालित उक्त अस्पताल हाल २४ शय्यामा संचालनमा रहेको छ। रासस


World Vision

## कोटेशन आह्वानसम्बन्धी सूचना

*प्रकाशित मिति : २०८२/०५/१३ गते*

*आवेदन बुझाउने अन्तिम मिति : २०८२/०५/१६ गते दिनको ०४:०० बजेसम्म*

**वर्ल्ड भिजन इन्टरनेशनल नेपाल एक अन्तर्राष्टिय गैह्र सरकारी संस्थाको रुपमा विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी गराउँदै यस संस्थाद्वारा स्थानीय गैह्र सरकारी संस्थाहरुसँगको सहकार्यमा सञ्चालित परियोजना/कार्यक्रम अन्तर्गत तपशिल अनुसारको सेवा तथा समाग्रि खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक वस्तु तथा सेवा प्रदायकहरुलाई यसै सुचना प्रकाशित भएको मितिले ४ दिन भित्रमा कोटेशन पेश गर्नु हुन अनुरोध गरिन्छ ।**

**आवश्यक कोटेशनको कागजात वर्ल्ड भिजन इन्टरनेश्नल नेपाल पुर्व क्षेत्र कार्यालय बर्दिबास महोत्तरीको कार्यालयबाट कोटेशन माग गरिएको आवेदन पत्र सहित अनुरोध गरी प्राप्त गर्न सकिनेछ ।**

तपशिल

| क्र.सं. | कोटेशन नम्बर | वस्तु/कार्य विवरण | स्पेसिफिकेसन | आवश्यक संख्या |
|---|---|---|---|---|
| १. | WVIN/EFO/ 2025/07 | Single-Slope Truss Roof Expansion for Parking Area | संलग्न BOQ अनुसार | १ |
| २. | WVIN/EFO/ 2025/07 | Poly-tank Stand Installation | संलग्न BOQ अनुसार | १ |
| ३. | WVIN/EFO/ 2025/07 | Installation of Sloped Infill Roof Between Existing Structures | संलग्न BOQ अनुसार | १ |
| ४ | WVIN/EFO/ 2025/08 | Revolving Chair | Ergonomics office revolving chairs-Ergonomic Chair<br>* Working mid-back chair with adjustable arm rest.<br>* Netted back for back support<br>* Nilon base<br>* Back posture adjustable lumber support<br>* Gas lift for adjusting seat height<br>* Adjustable headrest support | ५ |
| ५ | WVI-SCM-RFQ-2025-008 | Visitor Chair | Black Fabric NET Visitor Chair | ५ |

कोटेशन सम्बन्धी थप जानकारीका लागि सम्पर्क :

**Supply Chain Management Department, World Vision International Nepal, EFO**
Bardibas-01, Mahottari
Tel. : 044-550520, Email: npl_supplychain@wvi.org



**“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान**

# खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

**बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी**
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :**
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

# एमाले महासचिवसमक्ष प्रेस चौतारीको सुझाव



**काठमाडौँ, भाद्र १२ गते ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को दोस्रो विधान महाधिवशेनका लागि प्रेस चौतारी नेपालले सुझाव पत्र बुझाएको छ । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा पार्टी महासचिव शङ्कर पोखरेलसमक्ष प्रेस चौतारीका अध्यक्ष गणेश पाण्डे नेतृत्वको टोलीले महाधिवेशनको विधान संशोधन प्रतिवदेनमा समेट्नुपर्ने सुझावसहितको पत्र बुझाएको हो ।

चौतारीले दिएको सुझावपत्रमा पार्टी विधान संशोधन र राजनीतिक प्रतिवेदनमा समावेश गर्न माग गरिएको छ। मुख्यत: प्रेस स्वतन्त्रता, पार्टी नेतृत्वको कार्यकाल र उमेर सीमा, केन्द्रीय कमिटीको संरचना, सदस्यता व्यवस्था, सम्पर्क समन्वय कमिटी, संवैधानिक पदाधिकारीको राजनीतिक संलग्नता, युवा तथा महिलाको प्रतिनिधित्व, विभागीय मनोनयन, मिडिया कानुनलगायतका विषयलाई सुझाव पत्रमा समेटिएको प्रेस चौतारीका अध्यक्ष पाण्डेले जानकारी दिए ।

प्रेस चौतारीले पार्टी विधानको प्रस्तावनामा नै 'पूर्ण प्रेस

*- बाँकी पृष्ठ ३ मा*

# मधेश प्रदेशसभाको बैठक स्थगित



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भदौ १२ गते ।**
प्रतिपक्ष दलहरुले मधेश प्रदेशसभाको बैठक अवरुद्ध गरेका छन् । बिहीबार बैठक सुरु हुनासाथ प्रतिपक्षी दलका सांसदहरुले अर्थमन्त्री सुनिलप्रसाद साहको राजीनामा माग गर्दै सांसदहरुले बिरोध जनाएको थियो । त्यसपछि सभामुख रामचन्द्र मण्डलले जनता समाजबादी पार्टी नेपालका प्रदेशसभा सदस्य राम अशिष यादवलाई बोल्न समय दिएको थियो ।

प्रदेशसभा सदस्य यादवले प्रदेश सरकारले संसद्लाई छलेर प्रतिपक्षको अनुपस्थितिमा बजेट ल्याएको हुनाले अर्थमन्त्री साहको राजीनामा माग गरे । उनले प्रतिपक्षी दलका प्रदेशसभा सदस्यको उपस्थिति बिना बजेट ल्याइनु गलत भएको उल्लेख गर्दै अर्थमन्त्रीको राजीनामा नआएसम्म आफूहरुले प्रदेशसभा अवरुद्ध गर्ने बताए ।

"सरकारले मधेश प्रदेशसभामा प्रस्तुत गरेको रेडबुक ४६१ पृष्ठको मात्रै थियो । तर, प्रतिपक्षको अवरुद्धपछि गठन भएको कार्यदलले संसदलाई छलेर ३०५ पृष्ठको बजेट ल्याएको भेटियो, प्रतिपक्षको अनुपस्थितिमा बजेट पारित भएको छ", उनले भने ।

त्यसपछि सभामुख रामचन्द्र मण्डलको आग्रह पनि प्रतिपक्ष दलका सांसदले नमानेपछि बैठक शुक्रबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको छ ।

बैठक जनता समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्यहरुले बैठक अवरुद्ध गरेको हो ।

# उखु किसान सबैभन्दा बढी अपहेलित भएका छन् : अध्यक्ष यादव



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भदौ १२ गते ।**
जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले उखु किसान सबैभन्दा बढी अपहेलित भएको बताएका छन् ।

बिहीबार उखु किसानको आन्दोलनमा ऐक्यबद्धता जनाउन माइतीघर पुगेका अध्यक्ष यादवले सरकारले उखु किसानलाई दिनुपर्ने अनुदान तत्काल दिनुपर्ने बताए ।

अन्नदाता किसानलाई नेपालमा राज्यले सबैभन्दा बढी उपेक्षा गरेको उनले आरोप लगाए । किसानमा पनि उखु किसान अझ बढी पेलानमा परेका उनको भनाइ छ ।

'सरकारले उखु किसानलाई दिनुपर्ने जुन अनुदान हो, त्यो दिनपर्दछ । र समग्र रुपमा हेर्दाखेरी किसान भनेको अन्नदाता हुन् । जसले अन्न उत्पादन गर्छन्, अरुलाई बचाउँछन् । संसारलाई पाल्छन् । तिनकैप्रति राज्यको कुनै नीति नै छैन,' उनले भने, 'कुनै निति छैन, कुनै योजना छैन । न किसानहरुको उत्पादनको अधिकारका लागि न कुनै व्यवस्था नै छ । अहिले नेपालमा राज्यले सबैभन्दा बढी उपेक्षित गरेको क्षेत्र भनेको किसान हो । किसानमा पनि उखु किसान त झन सबभन्दा बढी अपहेलित भएको छ ।'

किसानले उत्पादन गरेको उखु किनेर मिल सञ्चालक धनी हुने तर किसानले समयमा मूल्य नपाउने अवस्था रहेको उनले बताए । सरकारले उखु किसानलाई तत्काल रकम भुक्तानी गर्नुपर्नेमा जोड दिए ।

अध्यक्ष यादवले दुईवटा काम सरकारले अविलम्ब गनुपर्ने उनले बताए । एउटा, दिनुपर्ने अनुदान तुरुन्त निकासा गर्ने, उखु किसानलाई उपलब्ध गराउने ।

दोस्रो, किसानले उखु मिलमा पुऱ्याएपछि निश्चित तोकेको १५ दिन, एक महिनाभित्र मिलले त्यसको भुक्तानी गर्नुपर्ने ।


अध्यक्ष यादवले किसानका समस्या समाधानका नाममा अनुदान र सहयोग आए पनि त्यसको सदुपयोग नभएको गुनासो गरे । 'किसानका नाममा आएका सहयोग र अनुदानको सही सदुपयोग भएको भए किसानका सबै समस्या समाधान हुन्थ्यो तर ती सबै दुरुपयोग भएका कारण अहिले किसानको अवस्था यस्तो भयो' उनले टिप्पणी गरे ।

सरकारले मधेसका किसानलाई निरन्तर उपेक्षा गरेको आरोप लगाउँदै उनले राणाकालदेखि नै मधेसका किसानको अनुहार मन नपरेपछि उसलाई पेल्ने प्रवृत्ति देखिएको आरोप लगाए ।

किसानको समस्या समाधान गर्ने जवाफ प्रधानमन्त्री ओलीले दिनुपर्ने बताउँदै उनले आन्दोलनरत किसानसँग वार्ता र संवाद गरेर न्यायोचित समाधान गर्न समेत आग्रह गरे ।

# शैक्षिक उन्नयनमा पूर्वराष्ट्रपति यादवको जोड

**काठमाडौँ, भाद्र १२ गते ।**
पूर्वराष्ट्रपति डा. रामवरण यादवले स्वास्थ्य र शिक्षा क्षेत्रको विकास भएमात्र देशको विकास हुने बताएका छन् । काठमाडौँको तारकेश्वर नगरपालिका-१० लोकतान्त्रिक चोकमा एक निजी अस्पतालको शुभारम्भ गर्दै उनले भौतिक विकासभन्दा स्वास्थ्य र शिक्षाको विकास भएमात्र मुलुकको विकास हुने बताएका हुन् ।



पूर्वराष्ट्रपति डा. यादवले २०४६ सालको राजनीतिक परिवर्तनपछि स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन भएको बताए । "वि.सं. २०४६ सालको परिवर्तनपछि गाउँगाउँमा स्वास्थ्य चौकी पुगेका छन्, तर स्वास्थ्य उपचारमा भने अहिलेपनि सन्तुष्ट हुने ठाउँ छैन," उनले भने । उनले स्वास्थ्य उपचारका लागि विदेशमा जानुपर्ने बाध्यतालाई अन्त्य गर्न यस्ता अस्पतालले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले अस्पताललाई व्यवसायीक रूपमा मात्र नभई समाजसेवाको क्षेत्रको रूपमा विकास गर्नुपर्ने बताए ।

नेपाली कांग्रेसका नेता एवम् पूर्व स्वास्थ्य मन्त्री अर्जुननरसिंह केसीले गाउँगाउँमा स्वास्थ्य क्षेत्रको पहुँच पुगेपनि सेवा पुऱ्याउन नसकिएको बताए । उनले आफू स्वास्थ्यमन्त्री हुँदा जस्ता समस्या थिए हालसम्म पनि त्यस्तै समस्या रहिरहेको भन्दै चिन्ता व्यक्त गरे ।

नेता केसीले दिनप्रतिदिन दक्ष चिकित्सक विदेशीने क्रम बढेको भन्दै त्यसलाई रोक्नका लागि राज्यले ठोस कदम चाल्नुपर्ने उल्लेख गरे ।

कांग्रेस नुवाकोटका पूर्वसभापति एवम् संविधानसभा सदस्य जगदीश्वरनरसिंह केसीले काठमाडौँको उत्तरी क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्न लाग्नुपर्ने बताए ।

काठमाडौँ क्षेत्र नं. ६ प्रदेख (ख) का सांसद इन्जिनीयर अमन मास्के, तारकेश्वर नगरपालिकाका प्रमुख

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री